# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

खण्डः १०    संख्याः  २०    मितिः२०८३।०५।१६

भागः २


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# मर्मत सम्भार कोष सञ्चालन कार्यविधि,२०८३

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले मर्मत सम्भार कोष सञ्चालन कार्यविधि,२०८३ जारी गरेको छ ।**

## गुराँस गाउँपालिका
## मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणिकरण मितिः २०८३/०५/१५

**प्रस्तावना :**

भौतिक पूर्वाधार विकासको आधार हो। सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिंचाई, खानेपानी, विद्युत तथा भवन जस्ता पूर्वाधारहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। सर्वसुलभ यातायात, सिंचाईको पहुँच बस्तीस्तरसम्म पुर्याउने गाउँपालिकाको पनि लक्ष्य हो। गाउँपालिका क्षेत्रमा पूर्वाधार निर्माणको कार्य बढ्दो छ र बनिसकेको पूर्वाधारको समय समयमा मर्मत गर्नु पर्ने जरुरी हुन्छ। तसर्थ सडक, सिंचाई, खानेपानी, विद्युत लाईन, भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दीगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद - १ (एक)
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम “मर्मत सम्भार कोष सञ्चालन कार्यविधि,२०८३” रहनेछ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :**

क) “कार्यविधि” भन्नाले मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८३ लाई बुझाँउनेछ।

ख) “गाउँपालिका” भन्नाले गुराँस गाउँपालिका बुझाँउनेछ।

ग) “स्थानीय तह ” भन्नाले गाउँपालिकालाई बुझाँउनेछ।

घ) “उपभोक्ता समिति” भन्नाले गाउँपालिकाको टोल र बस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको संगठन भन्ने बुझाँउनेछ।

**३. कार्यविधिको पालना गर्नुपर्ने :** गुराँस गाउँपालिका भित्र निर्माण भएका वा निर्माण हुने पूर्वाधार आयोजनाहरुको निर्माण, सञ्चालन, तथा मर्मत सम्भार कार्यको लागि गठित उपभोक्ता समिति वा संरक्षण समिति, तथा गाउँपालिकासँग सहकार्य गर्ने निर्माण व्यवसायी संघ, विकास साझेदारहरु तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने सबै सरोकारवालाहरुले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ।

**४. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :—

क) गाउँपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुलाई दीगो रुपमा सञ्चालन गर्नु,

ख) उपभोक्ता समिति, मर्मत सम्भार/संरक्षण समिति तथा गाउँपालिकालाई पूर्वाधार आयोजनाको सञ्चालन तथा मर्मत सम्भारमा जवाफदेही बनाउनु,

ग) गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी तथा गैर नाफामूलक संघ संस्था वा अन्य सामुदायिक संस्थाहरुलाई पूर्वाधार आयोजना सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा पूर्ण जिम्मेवार बनाउनु,

घ) आयोजनाबाट लाभग्राहीहरुले दीर्घकालसम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था श्रृजना गर्नु,

ङ. गाउँपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुको वार्षिक रुपमा विस्तृत विवरण (Inventory) अध्यावधिक गरी मर्मत सम्भार सम्बन्धी योजना तर्जुमामा सहयोग पु¥याउनु,

च. पूर्वाधार आयोजनाहरुको योजनावद्ध र नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्नु गराउनु,

छ. गाउँपालिका क्षेत्रमा रहेका झोलुंगे तथा ट्रष्ट पुलको नियमित मर्मत सम्भारका कार्यहरु गर्नु गराउनु,

ज. गाउँपालिका क्षेत्रमा रहेका ग्रामीण सडकको नियमित/आकष्मिक/पटके मर्मत सम्भारका कार्यहरु गर्नु गराउनु ।

## परिच्छेद २ (दुई)
## स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन प्रक्रिया

**५. पूर्वाधार आयोजनाको वर्गीकरण :** (१) पूर्वाधार आयोजनाको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

**क. सामुदायिक पूर्वाधार :** निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका (जस्तै खानेपानी, सिंचाई, लघु जलविद्युत, उच्च घर, आदि) आयोजनाहरु,

**ख. सार्वजनिक पूर्वाधार :** निश्चित उपभोक्ता मात्र नभई ठुलो सँख्यामा उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका (जस्तै ग्रामीण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुल, कल्भर्ट आदि ) आयोजनाहरु र

**ग. मिश्रित प्रकृतिका :** (नीजि, सामुदायिक र सार्वजनिक) पूर्वाधार आयोजनाहरु जसबाट निजी सम्पतीहरु संरक्षण गर्ने, वाढी नियन्त्रण गर्ने आयोजनाहरु जस्तै जैविक तथा तारजालीयुक्त तटवन्ध, पहिरो नियन्त्रण गर्न सञ्चालन गरिने आदि) आयोजनाहरु ।

**६. मर्मत सम्भार गरिने पूर्वाधार आयोजनाको छनौट प्रक्रिया :**

(१) प्रत्येक मर्मतसम्भार/संरक्षण समितिले आ–आफ्नो आयोजनाहरुको भौतिक पूर्वाधार शाखाले तोके वमोजिमको नमूना फारम भरि सम्बन्धित वडामा पेश गर्नेछ । सामान्य अवस्थामा आ.व. समाप्त भएको प्रथम त्रैमासिक अवधि भित्र वा प्राकृतिक प्रकोप भई क्षति भएको अवस्थामा घटना भएको एक महिना भित्रमा पेस गरिनेछ । यसरी प्राप्त हुन आएको मर्मत सम्भार गरिनु पर्ने आयोजनाहरुलाई सम्बन्धित वडा कार्यालयले **अनुसूची–१** अनुसारको विवरण तयार गरी गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) सामान्य अवस्थमा उपदफा (१) बमोजिम विवरण पेश गर्दा वडा कार्यालयले विवरणमा उल्लिखित पूर्वाधार आयोजनाहरुमध्येबाट आफ्नो वडाभित्र एक आर्थिक वर्षमा तत्काल मर्र्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरण गरी मर्मत सम्भारका लागि योजना तर्जुमा प्रक्रिया अनुरुप कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरु कार्यपालिकामा पेश गर्नु पूर्व लागत अनुमान तथा सम्भाब्यता अध्ययन समेत गर्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालयले प्राविधिकको समेत सहयोग लिई लागत अनुमान तथा सम्भाब्यता अध्ययन सम्पन्न गरी सो समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) वमोजिम पूर्वाधार आयोजनाको मर्मत सम्भारको प्राथमिकीकरण गर्दा मर्मत सम्भार कोष स्थापनामा योगदान पु¥याएका आयोजनाहरुलाई मर्मत सम्भारको लागि उच्च प्राथमिकता दिनु पर्नेछ ।

**७. व्यवस्थापन समिति**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | पूर्वाधार विकास समितिको संयोजक | सदस्य |

५. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक सदस्य
६. योजना शाखा प्रमुख सदस्य
७. पूर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

ख) समितिको बैठक कम्तिमा २ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा संयोजकको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।
ग) बैठक भत्ता गुराँस कार्य सञ्चानल निर्देशिकाले तोके बमोजिम हुनेछ।
घ) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

**८. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन समितिको काम कर्तव्य र अधिकार**

मर्मत सम्भार कोष तथा कार्य व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछः

१. समितिले गाउँपालिका मातहत रहेका दफा ६ बमोजिम वडा कार्यालयबाट मर्मत सम्भारको लागि पेश भएका पूर्वाधार आयोजनाहरुको विवरण **अनुसूची १** बमोजिमको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो त्रैमासिक भित्र अद्यावधिक गरी सम्भव भएसम्म भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थान र अवस्था सहित नक्साँकन तयार गर्नु/गराउनु पर्नेछ।

२. दफा (५) बमोजिम पूर्वाधार आयोजनाहरुको विवरण अभिलेखिकरण गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ।

(क) जनश्रमदान र सहयोगी निकायबाट निर्माण भएका आयोजनाहरु,

(ख) कम्तिमा ५ वर्ष देखि चालु आर्थिक वर्ष सम्मका निर्माण कार्य सम्पन्न भएका आयोजनाहरु, तर ग्रामीण तथा कृषि सडक, पुल तथा भवन, सिंचाई लगायतको पूर्वाधारहरु आयोजनाहरुको हकमा चालू अवस्थाका वा आंशिक मर्मत गर्दा सञ्चालनमा आउन सक्ने अवस्थामा रहेका आयोजना पुरानो भए पनि अभिलेखीकरण गरिनेछ।

३. समितिले गाउँपालिका मातहतका पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण गरी सम्बन्धित विषयगत समितिमा पठाउने. छ। विषयगत समितिले आफ्नो विषयगत क्षेत्र भित्रका योजनाहरुलाई भौगोलिक सूचना प्रणालीमा नक्साङ्कनको लागि आवश्यक प्रबन्ध मिलाउनेछ।

४. कार्यपालिकाले आफ्नो कार्यक्षेत्र अन्तर्गत मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरणको लागि निश्चित मापदण्डहरु निर्धारण गरी त्यस्तो मापदण्डको आधारमा समितिले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी विषयगत समितिमा पठाउने छ।

५. दफा (७) बमोजिम समितिबाट पेश भएका पूर्वाधार आयोजनाहरुलाई सम्बन्धित विषयगत समितिले अध्ययन गरी वार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकता सहितको विवरण कार्यपालिकाको बैठकमा पेश गर्नेछ।

६. कार्यपालिकाले मर्मत सम्भार गर्नुपर्ने योजनाहरु छनौट गर्दा **अनुसूची २** बमोजिम हस्तान्तरण प्रमाण पत्र भएका योजनाहरुलाई मात्र सम्बन्धित विषयगत समितिले मर्मत सम्भारको लागि प्राथमिकता सहित पेश गरेका योजनाहरुलाई आधार मानी क्रमशः कार्यान्वयन गर्नेछ।

तर दफा (९) बमोजिम उपभोक्ता वा संरक्षण समितिको कोषमा रकम गाउँपालिकाबाट हस्तान्तरण गर्नु पहिले उपभोक्ता वा संरक्षण समितिले **अनुसूची ५** बमोजिमको ढाँचामा पूर्वाधार आयोजनाको मर्मत सम्भार कोष सञ्चालन तथा परिचालन कार्यविधि तयार गर्नु पर्नेछ।

७. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद् परी प्राथमिकता सूचीमा रहेको भन्दा अन्य आयोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा कार्यपालिकाको निर्णय अनुसार विपद् व्यवस्थापन ऐन, २०७७ तथा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिले तोकेको प्रक्रिया अनुसार आयोजनाहरुको मर्मत सम्भार कार्य गर्नु पर्नेछ।

८. विपद्को अवस्थामा बाहेक अन्य अवस्थामा गाउँपालिकाले पूर्वाधार आयोजनाहरुको मर्मत सम्भारको लागि बजेट विनियोजन गर्नुपर्ने भएमा त्यस्ता आयोजनाहरुलाई योजना तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्नेछ।

९. निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको निर्माणको कारणबाट पूर्ण वा आंसिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले निश्चित अवधिसम्मको लागि त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माण कार्य सो आयोजनाको निर्माण गर्ने निर्माण व्यवसायीबाट नै खर्च ब्यहोर्ने गरी आवश्यक निर्णय गर्नु पर्नेछ ।
१०. उपदफा (९) बमोजिम निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको कारण बाहेक अन्य कारणबाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माणको लागि आवश्यक अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ ।
११. धेरै पुराना वा जीर्ण अवस्थाका पूर्वाधार आयोजनाहरु मर्मत सम्भार गर्नु पर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रम अन्तर्गत समावेश गरिने छैन । यस्ता पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना सञ्चालन कै प्रक्रिया अनुसार हुनेछ ।

**९. मर्मत सम्भार सम्बन्धी सचेतना र क्षमता विकास :**

(१) पूर्वाधार आयोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्वन्धमा सचेतना अभिवृद्दि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) मर्मत सम्भार सम्बन्धी सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भार सम्बन्धी व्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि सम्बन्धी कार्यक्रम गर्नु पर्नेछ ।

(३) पूर्वाधार आयोजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने कार्यका लागि आयोजनाको प्रकृति अनुसार उपभोक्ता समितिले आयोजना कार्यान्वयन हुनु पूर्व नै मर्मत सम्भार कार्यकर्ता छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट भएका मर्मत सम्भार कार्यकर्ताको क्षमता विकास गर्न सम्बन्धित पूर्वाधार आयोजना सम्पन्न हुनु पूर्व प्रारम्भिक तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम छनौट भएका मर्मत सम्भार कार्यकर्ताको भूमिका **अनुसूची ३** मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ३ (तीन)
## मर्मत सम्भार कोषको व्यवस्था र परिचालन

**१०. कोष स्थापना :**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँ सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

ज) विविध ।

**११. कोष सञ्चालन**

(१) गाउँपालिकास्तरीय कोषको सञ्चालन देहाय बमोजिम हुनेछः

क) कोषको नाममा प्राप्त हुन आएको रकम गुराँस गाउँपालिकाको नाममा रहेको SuTRA प्रणालीको विविध खातामा जम्मा गरी छुट्टै अभिलेख राख्नु पर्नेछ ।

ख) कोषको रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।
(२) उपभोक्ता समिति/संरक्षण समिति स्तरमा एक मर्मत सम्भार कोष रहनेछ।
(३) उपदफा (२) बमोजिम उपभोक्ता समिति/संरक्षण समिति स्तरमा रहने कोष सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको निर्णय अनुसार सम्बन्धित गाउँपालिकाले तोकेको बैंक वा वित्तीय संस्थामा सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्नु पर्नेछ।
(४) उपदफा (३) बमोजिमको खाताको सञ्चालन सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ र खाता सञ्चालकहरुमध्ये अनिवार्य रुपमा कम्तीमा एक जना महिला हुनु पर्नेछ।
(५) गाउँपालिका र सो अन्तरगतको वडा कार्यालयले निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण गरिने पूर्वाधार आयोजनाको लागि विनियोजित कुल बजेटको गाउँ सभाले तोकेको रकम मर्मत सम्भार कोषको लागि विनियोजन गर्नु पर्नेछ र सो रकम लागत अनुमानमा नै समावेश गरेको हुनु पर्नेछ।
(६) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने सामुदायिक पूर्वाधार आयोजनाको मर्मत सम्भार वापत विनियोजित बजेटको २ दुई प्रतिशत बजेट योजना सम्पन्न पश्चात गाउँपालिकाको मर्मत सम्भार कोषमा रहनेछ।
तर सार्वजनिक पूर्वाधार आयोजनाहरुमा मर्मत सम्भारको लागि विनियोजित रकम गाउपालिकाको मर्मत सम्भार कोषमा नै राखिने छ।
(७) निर्माण व्यवसायी मार्फत सञ्चालन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण गरिने सामुदायिक पूर्वाधार आयोजनाको हकमा आयोजना हस्तान्तरणसँगै मर्मत सम्भार कोषको लागि विनियोजित रकम सो गाउँपालिकाको मर्मत सम्भार कोषमा रहनेछ।
(८) गाउँपालिकाले उपभोक्ता समिति वा संरक्षण समिति स्तरको मर्मत सम्भार कोषमा रकम हस्तान्तरण गर्नु पूर्व त्यस्तो समिति गाउँपालिकाको प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।
(९) दफा (८) बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिको मर्मत सम्भार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नु पूर्व उपभोक्ता समितिले मर्मत सम्भार कार्यको विस्तृत विवरण सहितको योजना गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।
(१०) उपभोक्ता समिति वा संरक्षण समितिले दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति विना खर्च गरेको पाईएमा गाउँपालिकाले समूहको बैंक खाता रोक्का गरी आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछ।
(११) उपभोक्ता समिति वा संरक्षण समितिले रु. १,००,००० अक्षेरुपी एक लाख भन्दा बढी रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा गाउँपालिका वा वडा कार्यालयबाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लागत अनुमान गराई सो स्वीकृत लागत अनुमान अनुसार मर्मत सम्भार कार्य गर्नु पर्नेछ।
(१२) अन्य कुनै निकायबाट मर्मत सम्भार कोष वापतको रकम गाउँपालिकामा प्राप्त हुन आएमा उक्त रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा राख्नु पर्नेछ।
(१३) गाउँ सभा वा कार्यपालिकाले समयक्रममा मर्मत सम्भार कोषको लागि छुट्टाएको रकम समेत यस कोषमा जम्मा गर्नु पर्नेछ।
(१४) उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तव्य र अधिकार **अनुसूची** ४ बमोजिम हुनेछ।
**१२. मर्मत सम्भार कोषको रकम प्रयोग गर्न नपाईने :** यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन :—
(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,
(२) नियमित रुपमा गरिने विकास निर्माण सम्बन्धी कार्यहरुको लागि खर्च गर्न
(३) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया, वा सेमिनारमा भाग लिन वा सञ्चालन गर्न तर पूर्वाधार आयोजनाको रेखदेखमा खटिने ब्यक्तिको सीप अभिवृद्धि सम्बन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस बुँदाले वाधा पार्ने छैन।

## परिच्छेद - ४ (चार)

**कोषको खर्च प्रणाली, छनौटको मापदण्ड र कार्य गराउने व्यवस्था**

**१३. कोषको खर्च प्रणाली:**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१) सडक, कल्भर्ट, सडक नाली, पूल, झोलुंगे पुल, ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य।

**१४. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित,पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु।

ख) सडक गुरुयोजनामा परेका सडकहरु।

ग) क्षेत्रगत रणनीति तथा योजनामा परेका पूर्वाधारहरु।

घ) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।

ङ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा।

च) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा।

छ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा।

ज) दुई वा दुई भन्दा वढी स्थानीय तहलाई जोडने सडक, कृषि तथा हरित सडक, ग्रामीण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पैनी, बाँध आदि।

**१५. मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

गाउँपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद - ५ (पाँच)
## विविध

**१६. संसोधन वा खारेजी :**

क) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुनेछ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानून तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ।

## अनुसूची १

(कार्यविधिको दफा ६ (१) संग सम्बन्धित)

गुराँस गाउँपालिका, दैलेख जिल्ला

पूर्वाधार आयोजनाहरुको लगत (विस्तृत विवरण)

योजनाको विवरण अद्यावधिक गरिएको साल र महिना

| सि. नं. | आयोजनाको नाम (कोड नं.) | वडा नं. | टोल | GPS Coordinate | | अनुमानित लागत | सुरु भएको साल | सम्पन्न भएको साल | हालको अवस्था (कुनै एकमा चिन्ह लगाउने) | | | | लाभान्वित घरधुरी | उपभोक्ता/संरक्षक समितिको कुनै एक पदाधिकारीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Long | Lat | | | | राम्रो अवस्था (मर्मत गर्नु नपर्ने) | चालु हालतमा तर सामान्य मर्मत गर्नुपर्ने | चालु हालतमा तर जिर्ण अवस्थामा | पुनः निर्माण गर्नुपर्ने अवस्थामा | | नाम | सम्पर्क नं. | |
| १ | खानेपानी योजना | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| २ | सिंचाई योजना | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| ३ | कृषि तथा ग्रामीण सडक (स्थानीय तहबाट निर्माण | | | | | | | | | | | | | | | |

| सि. नं. | आयोजनाको नाम (कोड नं.) | वडा नं. | टोल | GPS Coordinate | | अनुमानित लागत | सुरु भएको साल | सम्पन्न भएको साल | हालको अवस्था (कुनै एकमा चिन्ह लगाउने) | | | | लाभान्वित घरधुरी | उपभोक्ता/संरक्षक समितिको कुनै एक पदाधिकारीको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Long | Lat | | | | राम्रो अवस्था (मर्मत गर्नु नपर्ने) | चालु हालतमा तर सामान्य मर्मत गर्नुपर्ने | चालु हालतमा तर जिर्ण अवस्थामा | पुनः निर्माण गर्नुपर्ने अवस्थामा | | नाम | सम्पर्क नं. | |
| | भएको) | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| ४ | अन्य | | | | | | | | | | | | | | | |

**अनुसूची २**

(कार्यविधिको दफा ८ को उपदफा (६)संग सम्बन्धित)

गुराँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता, दैलेख

कर्णाली प्रदेश

....................योजना

**हस्तान्तरण प्रमाण पत्र**

गुराँस गाउँपालिका र ................. उपभोक्ता समिति ............ गाउँपालिका वडा नं. ......... बीच मितिमा ................................ योजना निर्माण तथा कार्यान्वयन गर्न सम्झौता भए बमोजिम उक्त आयोजनाको निर्माण कार्य सम्पन्न भएकोले सो योजनाको दिगो सञ्चालन, रेखदेख तथा मर्मत सम्भार समेतको जिम्मेवारी .......... उपभोक्ता समितिले लिने गरी आज मिति .................. का दिन ......................... योजना .......................... उपभोक्ता समिति ............... गाउँपालिका..... वडा लाई हस्तान्तरण गरिएको छ।

| उपभोक्ता समितिको तर्फबाट | वडा कार्यालयको तर्फबाट | गाउँपालिकाको तर्फबाट |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| मितिः | मितिः | मितिः |

नोट : परियोजना विशेषको लागि सम्बन्धित सहयोगी निकायको पनि हस्तान्तरण पत्रमा समावेश गर्न सकिने छ ।

## नगरपालिकाको भूमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रबन्ध मिलाउने
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थपना तथा परिचालनमा सहजीकरण गर्ने
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत सञ्चालन भएका आयोजना न्यून गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रबन्ध मिलाउने
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म विमाको लागि समन्वय तथा सहजीकरण गर्ने
- विपद् परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्ने ।

## वडा कार्यालयको भूमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना स्थपना तथा परिचालनमा सहजीकरण गर्ने
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने
- निर्माण व्यवसायी मार्फत सञ्चालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउन सहजीकरण गर्ने
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म विमाको लागि सहजीकरण गर्ने
- विपद् परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्न सहजीकरण गर्ने ।

## उपभोक्ता समितिको भूमिका

- आयोजनाको संरक्षण, ब्यवस्थापन तथा मर्मत सम्भारको लागि आवश्यक ब्यवस्था मिलाउने
- आयोजनाको मर्मत सम्भारको लागि पुर्ण जिम्मेवार हुने
- मर्मत सम्भार कोष स्थापना तथा परिचालनको लागि आवश्यक ब्यवस्था गर्ने
- उपभोक्ता समितिको क्षमताले आयोजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा मात्र आयोजना मर्मत सम्भारको लागि गाउँपालिका तथा वडा कार्यालयवाट सहयोग लिने
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पूर्वाधार आयोजनाको विमा गर्ने
- मर्मत सम्भार कोषको प्रचलित कानुन अनुसार लेखा परिक्षण गराउने
- पूर्वाधार आयोजना मर्मत सम्भार कार्यविधिमा भएको प्रावधान अनुसार अन्य कार्यगर्ने ।

## अनुसूची ३

(कार्यविधिको दफा ९ को उपदफा (५) संग सम्बन्धित)

गुराँस गाउँपालिका, दैलेख

पूर्वाधार आयोजनाको मर्मत सम्भारको लागि छनौट भएका मर्मत सम्भार कार्यकर्ताको भूमिका देहाय बमाजिम रहनेछ :—

क) उपभोक्ता समिति वा संरक्षण समिति सँग भएको सम्झौता बमोजिम कार्य गर्ने ।

ख) मर्मत सम्भार कार्यकर्ताले सम्बन्धित आयोजना निर्माणाधिनमा छ भने निर्माणधिन आयोजनामा परिचालीत भई कार्य गर्ने र सो को लागि उपभोक्ता समिति वा संरक्षण समितिले आवश्यक व्यवस्था मिलाउने ।

ग) आयोजनाको नियमित रेखदेख गर्ने ।

घ) आयोजनामा मर्मत तथा सम्भारको लागि विना बजेट गर्न सकिने सरसफाई तथा सानोनितो मर्मत गरी आयोजना सँचालन गर्ने ।

ङ) आयोजनामा कुनै समस्या भएमा तुरुन्तै उपभोक्ता समिति वा संरक्षण समितिको जिम्मेवार व्यक्तिलाई जानकारी दिने ।

च) आयोजना मर्मतको लागि कुनै सामाग्री खरिद गर्नुपर्ने भएमा उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।

छ) गाउँपालिका, उपभोक्ता समिति वा संरक्षण समिति वा अन्य कुनै निकायबाट आयोजनाको मर्मत सम्भार सम्बन्धित कुनै तालिम वा कार्यक्रममा सहभागी हुनको लागि छनौट गरेमा उक्त तालिम वा कार्यक्रममा सहभागी हुने ।

ज) उपभोक्ता समिति वा संरक्षण समितिले सल्लाह सुझाब दिए बमोजिम आयोजनासँग सम्बन्धित अन्य कार्य गर्ने ।

## अनुसूची ४

(दफा १० को उपदफा (९)  संग सम्बन्धित)

गुराँस गाउँपालिका, दैलेख

**१. उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तब्य र अधिकार**

उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तब्य अधिकार देहाय बमोजिको हुनेछ ।

क) पूर्वाधार आयोजनाको कार्यान्वयन प्रक्रियाको जानकारी लिई उपभोक्ता वा संरक्षण समुहका सदस्यहरुलाई जानकारी प्रदान गर्ने

ख) आयोजना कार्यान्वयनको अवधि, कार्ययोजना तथा डिजाईन वारे गाउँपालिका र निर्माण व्यवसायीसँग जानकारी लिई लाभग्राहिहरुलाई जानकारी प्रदान गर्ने

ग) गाउँपालिका र निर्माण व्यवसायीले योजना कार्यान्वन प्रक्रिया तथा मर्मत सम्भार कोषको व्यवस्थापनको लागि आब्हान वा आयोजना गरेको कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्ने

घ) समितिका पदाधिकारीहरुको कार्य सम्पादनलाई प्रभावकारी वनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी वाँडफाँड गर्ने । साथै आवश्यक परेका समितिका सदस्यहको क्षमता विकास गर्ने ।

ङ) आयोजना कार्यान्वयनको क्रममा गुणस्तर कायम भए नभएको अनुगमन गरी आवश्यक परेमा गाउँपालिकामा जानकारी प्रदान गर्ने ।

च) आयोजना कार्यान्वयनको क्रममा मापदण्ड अनुसारको गुणस्तर नपाईएमा निर्माण व्यवसायीलाई गुणस्तर कायम गर्नको लागि अनुरोध गर्ने ।

छ) वारम्वार अनुरोध गर्दा पनि निर्माण व्यवसायीबाट मापदण्ड अनुसारको गुणस्तर कायम नभएमा गाउँपालिका वा अन्य सम्बन्धीत निकायमा जानकारी गराउने ।

ज) मर्मत सम्भार कार्यका लागि  आयोजना मर्मत सम्बन्धी विशेष सिपको आवश्यक परेमा सो को आवश्यक व्यवस्था गर्न पहल गर्ने

झ) मर्मत सम्भार कोष स्थापना तथा परिचालन सम्बन्धी समय सापेक्ष नियम तर्जुमा गरी आम भेलाकोबाट सम्भव भए सम्म आम सहमति, आम सहमति हुन नसकेका वहुमत सदस्यहरुबाट स्विकृत गराई कार्यान्वयन गर्ने ।

ञ) लाभग्राहीहरुबाट संकलन गर्ने सेवा सुल्कको निर्धारण उपभोक्ताहरुको आमभेलाबाट निर्णय गरी शुल्क निर्धारण गरी कार्यान्वयन गर्ने ।

ट) आम्दानी खर्चको हिसाव किताव चुस्त दुरुस्त राख्ने र प्रचलित कानुन अनुसार लेखापरिक्षण, सार्वजनिक लेखा परिक्षण गरी पारदर्शिता कायम गर्ने ।

ठ) उपभोक्ता समिति वा संरक्षण समितिमा आयोजना हस्तान्तरण पश्चात उक्त आयोजनाको मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको हुने भएकोले सो को लागि शुरु देखि नै श्रोत तथा सिपको लागि आवश्यक व्यवस्था गर्ने

ड) कुनै विशेष कारणवस योजना विग्रन गई उपभोक्ता वा संरक्षण समितिको एकल प्रयासले मात्र योजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा गाउँपालिकावा अन्य सरोकार निकायहरु सँग समन्वय र सहकार्य गरी योजनाको मर्मत सम्भार कार्यको लागि पहल गर्ने।

ढ) मर्मत सम्भारको लागि गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नुपर्ने अवस्थामा सो को लागि समयमा नै पहल गरी योजना तर्जूमा प्रक्रियामा समावेश गर्न पहल गर्ने।

ण) आयोजनाको नियमित रेखदेख गर्ने

त) आयोजनामा मर्मत तथा सम्भारको लागि विना बजेट गर्न सकिने सरसफाई तथा सानोनितो मर्मत गरी आयोजना सञ्चालन गर्ने

थ) आयोजनाको प्रकृति अनुसार योजना सम्पन्न पश्चात उक्त योजनाको रेखदेख तथा मर्मत सम्भारको लागि स्थानी स्तरमा उपभोक्ता समुहको निर्णय अनुसार मर्मत सम्भार कार्यकर्ता (इउभचबतउचभ) छनौट गरी निर्माण व्यवसायी सँगको सहकार्यमा सम्वद्ध आयोजनामा परिचालन गर्ने

द) आयोजनामा कुनै समस्या भएमा गाउँपालिका वा सम्बन्धीत वडा कार्यालयमा जानकारी दिने

थ) आयोजनाको प्रकृति अनुसार पूर्वाधार आयोजनाको विमा गर्ने

ध) अन्य उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधिमा उल्लेख भए बमोजिमको हुनेछ।

**२. गाउँपालिकाको काम कर्तब्य र अधिकार**

क) निर्माण व्यवसायी मार्फत आयोजना सञ्चालन हुने स्थानीय समुदायसँग छलफल गरी स्थानीय उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी उपभोक्ता समिति वा आयोजना सँरक्षण समिति गठन गर्न सहजीकरण गर्ने

ख) निर्माण व्यवसायी मार्फत पूर्वाधार आयोजना सञ्चालन गर्दा आयोजना सञ्चालन प्रक्रिया, आयोजनाको डिजाईन तथा लगत इष्टिमेटवारे स्थानीय उपभोक्ता वा संरक्षण समितिलाई कार्यक्रम कार्यान्वय पूर्व जानकारी दिने।

ग) उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआती चरण देखि नै छलफल गरी गुणस्तर कायम गर्नको लागि आवश्यक व्यवस्था मिलाउने

घ) आयोजना सम्पन्न पश्चात आयोजना उपभोक्ता वा संरक्षण समितिलाई हस्तान्तरण गर्ने वारे स्थानीय समितिलाई आश्वस्त पारी मर्मत सम्भार कोषको व्यवस्था वारे उपभोक्ता समिति वा संरक्षण समितिसँग छलफल गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई मर्मत संभार कोष स्थापना गर्नको लागि उत्प्रेररित गर्ने

ङ) उपभोक्ता वा संरक्षण समितिलाई कानुनी मान्यता प्रदान गर्नको लागि अवश्यक प्रक्रिया पुरा गर्न उत्प्रेरित गर्नुका साथै सहजीकरण गर्ने

च) आयोजना हस्तान्तरण पश्चात आयोजनाको मर्मत सम्भार गर्ने व्यवस्था उपभोक्ता वा संरक्षण समितिको हुने भएता पनि उपभोक्ता समितिको एकल प्रयासले सम्भव नहुने अवस्थामा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने

छ) गाउँपालिका भित्रका पूर्वाधार आयोजनाहरुको अद्याविक गरी अभिलेखिकरण गर्नुका साथै मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी बजेट विनियोजनको लागि आवश्यक प्रक्रिया मिलाउने

ज) निर्माण व्यवसायीसँग पूर्वाधार आयोजना कार्यान्वयन गर्ने शिलशिलामा सम्झौता गर्दा आयोजना हस्तान्तरण गरिएको १ वर्ष (सम्झौतामा तोकिएको अवधि) सम्म योजनामा कुनै समस्या भएमा उक्त योजनाको मर्मत सम्भार सम्बन्धीत निर्माण व्यवसायीले गर्नुपर्ने व्यवस्था उल्लेख गर्नेछ।

झ) कुनै भवितब्य परि उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण भएको योजना अचानक मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा उक्त योजनालाई उपभोक्ता समितिको एकल प्रयासले मर्मत सम्भार गर्न नसक्ने अवस्थामा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले मर्मत सम्भार कार्यको लागि सहयोग गर्नेछ।

ञ) तर योजना निर्माण गर्ने क्रममा निर्माण व्यवसायीको लापरवाहिको कारणले गर्दा उक्त योजना विग्रन गएको अवस्थामा भने उक्त आयोजनाको मर्मत सम्भार गर्ने कार्य निर्माण व्यवसायीले गर्नुपर्नेछ।

ट) उपभोक्ता समिति वा मर्मत समिति, आदिको योजना मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गर्ने

ठ) आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पूर्वाधार आयोजनाको विमाको लागि समन्वय तथा सहजीकरण गर्ने।

ड) समय समयमा हस्तान्तरित योजनाहरुको अनुगमन तथा मुल्याँकन गरी उत्कृष्ठ उपभोक्ता समिति वा संरक्षण समितिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने।

## अनुसूची ५

(कार्यविधिको दफा ८ (६) संग सम्बन्धित)

### उपभोक्ता समितिको तहमा रहने मर्मत सम्भार कोष संकलन तथा परिचालन कार्यविधि

**१. भूमिका**

गुराँस गाउँपालिका वडा नं. ...... मा निर्माणको क्रममा रहेको वा निर्माण सम्पन्न भई सकेको ................ सामुदायिक पूर्वाधार आयोजना (जस्तै खानेपानी, साना सिचाई, उच्चघर आदि) लाई दिगो रुपमा सञ्चालन गर्न र सो आयोजनाबाट प्राप्त हुने लाभलाई निरन्तर रुपमा हासिल गर्नका लागि ..........................उपभोक्ता समिति वा संरक्षण समिति तहमा मर्मत सम्भारको कार्य गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको ........... उपभोक्ता समिति वा संरक्षण समितिले गाउँपालिका स्तरको पूर्वाधार आयोजना मर्मत सम्भार सम्वन्धि कार्यविधिको परिधि भित्र रही देहाय बमोजिमको कार्यविधि वनाई लागु गरेको छ।

**२. संक्षिप्त नाम र प्रारम्भ :** यो कार्यविधिको नाम ......... आयोजना मर्मत सम्भार सम्बन्धी कार्यविधि, २०७९ रहेको छ। यो कार्यविधि उपभोक्ता समिति वा संरक्षण समितिको बैठकले निर्णय गरे पछि तुरुन्त लागु हुनेछ।

**३. कार्यविधिको मुख्य उदेश्य :** यस कार्यविधिको उद्देश्य देहय बमोजिम रहेको छ :—

क. पूवार्धार आयोजनालाई दिगो रुपमा सञ्चालन गर्नु।

ख. आयोजना सञ्चालन तथा मर्मत सम्भारमा उपभोक्ता समितिलाई जवाफदेहि वा जिम्मेवारी बनाउनु।

ग. खानेपानी आयोजनाबाट उपभोक्ताहरुले दिर्धकाल सम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था श्रृजना गनु।

घ. नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्न गराउनु।

**४. पूर्वाधार आयोजना मर्मत सम्भार कार्य सँचालन प्रक्रिया**

(१) उपभोक्त समितिले आयोजनाको मर्मत सम्भार तथा व्यवस्थापनको लागि समितको एक जना सदस्यलाई जिम्मेवारी तोकि आयोजना निर्माणको शुरुवाती चरण देखि नै आयोजनाको निर्माण कार्यमा संलग्न गरि परिचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको व्यक्तिलाई आयोजना निर्माणको समय देखि सम्पन्न पश्चात सम्म आयोजनाको संरक्षण, व्यवस्थापन, रेखदेख तथा मर्मत सम्भारको लागि परिचालन गर्नु पर्नेछ ।

(३) पूर्वाधार आयोजनाको संरक्षण, व्यवस्थान, रेखदेख तथा मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ।

(४) पूर्वाधार आयोजनाको मर्मत सम्भारको सम्पुर्ण दायित्व उभोक्ता समिति वा संरक्षण समितिको हुनेछ।

(५) उपदफा (४) बमोजिम आयोजनाको मर्मत सम्भार गर्ने पुर्ण दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको भएता पनि उपभोक्ता समिति वा संरक्षण समितिको क्षमताले नसक्ने भएमा गाउँपालिका वा अन्य निकायहरुको आर्थिक तथा प्राविधक सहयोगमा उपभोक्ता समितिले आयोजनाको मर्मत सम्भार गर्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद् परी आयोजनाको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा सो को जानकारी गाउँपालिकलाई गराई संघीय कानुन अनुसार आयोजनाको मर्मत सम्भारको लागि पहल गरिने छ।

**५. मर्मत सम्भार कोष स्थापना तथा परिचालन :** (१) आयोजनाको नियमीत मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोत संकलन तथा परिचालन गर्न उपभोक्ता समिति वा संरक्षण समिति स्तरमा मर्मत सम्भार कोष रहने छ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति÷संरक्षण समिति स्तरमा रहने कोष सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको निर्णय अनुसार सम्बन्धित गाउँपालिकाले तोकेको बैंक वा वित्तीय संस्थामा सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्नु पर्नेछ

(३) उपदफा (२) बमोजिमको खाताको सञ्चालन सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ र खाता सञ्चालकहरुमध्ये अनिवार्य रुपमा कम्तीमा एक जना महिला हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको लागि देहाय बमोजिमको श्रोतहुन सक्नेछ ।
(क) उपभोक्ता समुह सदस्यहरुबाट मासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा ........... दरले सेवा शुल्क वापत उठाएको रकम,
(ख) पालिकाले उपलब्ध गराएको मर्मत सम्भार कोष वापतको रकम,
(ग) आय आर्जन क्रियाकलाप सञ्चालनको लागि लगानी गर्दा प्राप्त हुने रकम
(घ) विकास साझेदार, स्थानीय संघ संस्था, सरकारी निकाय वा अन्य कुनै ब्यक्तिबाट निकायहरुबाट वैधानिक रुपमा प्राप्त गरेको रकम
(५) दफा (४) बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिको मर्मत सम्भार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नुपुर्व उपभोक्ता समितिले मर्मत सम्भार कार्यको विस्तृत विवरण सहितको योजना गाउँपालिकाबाट स्विकृत गराउनु पर्नेछ ।
(६) उपभोक्ता समिति वा संरक्षण समितिले गाउँपालिकाको मर्मत सम्भार कार्यविधिले तोके भन्दा बढी रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा गाउँपालिका वा वडा कार्यालयबाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लगत अनुमान गराई सो स्विकृत लगत अनुमान अनुसार मर्मत सम्भार कार्य गर्नुपर्ने छ ।
**६. मर्मत सम्भार कोष प्रयोग गर्न नपाईने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा जम्मा भएको रकम प्रयोग गर्न पाईने छैन
(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न
(२) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया, क्षमता विकास वा सेमिनारमा भाग लिन तर पूर्वाधार आयोजनाको रेखदखमा खटिने ब्यक्तिको आयोजनासँग सम्बन्धित सीप विकासको लागि यस वुँदाले वाधा पार्ने छैन ।
**७. कोषको लेखा तथा लेखा परिक्षण :** कोषको लेखा तथा लेखा परिक्षण प्रचलित कानुन अनुसार हुनेछ ।
**८ अनुगमन सम्बन्धी व्यवस्था :** (१) उपभोक्ता वा संरक्षण समितिले यस कार्यविधि बमोजिम मर्मत सम्भार कार्यको नियमित वा आकस्मिक रुपमा अनुगमन गर्नु पर्नेछ ।
(२) यस कार्यविधि बमोजिम उपभोक्ता समिति वा संरक्षण समितिले गरेको मर्मत सम्भार तथा पूर्वाधार आयोजनाहरुको व्यवस्थापन सम्बन्धी कार्यको नियमित अनुगमन गाउँपालिका तथा वडा कार्यालयबाट हुनेछ ।
**९. कार्यविधिको संसोधन तथा परिमार्जन**
गाउँपालिकाको मर्मत सम्भार कार्यविधिसँग नबाझिने गरी उपभोक्ता समिति वा संरक्षण समितिको बहुमतको निर्णय अनुसार यस कार्यविधि संसोधन तथा परिमार्जन हुन सक्नेछ ।

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत